आज मिति २०७८ साल आषाढ १८ गते धवलागिरी गाउँपालिकाका अध्यक्ष श्री धनसरा पुनज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहायबमोजिमको निर्णय गरियो ।

उपस्थिति

| | | |
|---|---|---|
| श्री धनसरा पुन | अध्यक्ष | |
| श्री रेशम छन्त्याल | उपाध्यक्ष | |
| श्री भक्त बहादुर छन्त्याल | वडा नं. १ | वडाध्यक्ष |
| श्री राम प्रसाद वि.क. | ,, ,, २ | ,, |
| श्री पूर्ण पुन | ,, ,, ३ | ,, |
| श्री भेष बहादुर घर्ती | ,, ,, ४ | ,, |
| श्री स्वर्ण कुमारी छन्त्याल | ,, ,, ५ | ,, |
| श्री रघुराम उपाध्याय | ,, ,, ६ | ,, |
| श्री कलानिधि शर्मा | ,, ,, ७ | ,, |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| श्री तोल कुमारी के.सी. | ,, | ,, |
| श्री देव प्रसाद छन्त्याल | ,, | ,, |
| श्री बलकुमारी सुनार | ,, | ,, |
| श्री सुका देवी पुर्जा | ,, | ,, |
| श्री डिलमाया घर्ती | ,, | ,, |
| श्री गोपाल शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

प्रस्तावहरू

१. करार कर्मचारीको म्याद थप सम्बन्धमा
२. एम्बुलेन्स खरिदका लागि पेश्की दिने सम्बन्धमा ।
३. कार्यक्रम खर्चको रकम भुक्तानी सम्बन्धमा ।
४. ताकम स्वास्थ्य चौकीमा बाढीबाट क्षतिग्रस्त भवन भत्काएको रकम भुक्तानी ।
५. ~~स्थानीय तहको स्वमूल्यांकन स्वीकृत सम्बन्धमा~~ ।
शिक्षण सहायता अनुदान सम्बन्धमा ।
६. स्थानीय तहको स्वमूल्यांकन स्वीकृति सम्बन्धमा ।
७. गापा भित्रका सडकको मूल्याङ्कनका लागि सिफारिस ।
८. आयोजनाको म्याद थप सम्बन्धमा ।
९. युवा स्वरोजगार कोष बाट अनुदान सम्बन्धमा ।
१०. विविध

निर्णय नं. १ प्रस्ताव नं. १ उपर छलफल गर्दा धवलागिरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र कार्यालय अन्तर्गतका सबै शाखा, वडा कार्यालयमा लगायत सबै सम्पूर्ण शाखा कार्यालयमा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको करार सम्झौताको म्याद २०७८ साल श्रावण १ गतेदेखि लागू हुने गरी एक वर्षसम्म थप गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो । (कार्यसम्पादनको आधारमा)

निर्णय नं. २ प्रस्ताव नं. २ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको वार्षिक बजेट तथा नीति कार्यक्रममा समावेश गरिएको र बजेट विनियोजन भएको एम्बुलेन्स खरिदका लागि गाउँ कार्यपालिकाको कार्यालयले प्रक्रिया अगाडि बढाएको हुँदा एम्बुलेन्स खरिदका लागि छनौट भएको आपूर्तिकर्ताले पेश्की माग गरेकोले तपशिलमा उल्लेखित आपूर्तिकर्तालाई पेश्की दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

| क.सं. | आपूर्तिकर्ताको नाम | पेश्की रकम |
|---|---|---|
| १. | ओम इन्कर्पोरेट प्रा.लि. पानीपोखरी, काठमाडौं | रु. १०,३३,५००।- |

निर्णय नं. ३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाका विभिन्न विद्यालयहरुमा बोल्ने किताब कार्यक्रम संचालनका क्रममा सो कार्यक्रम अन्तर्गत खरिद गरिएका विभिन्न सन्दर्भ सामाग्री खरिद बापतको रकम रु. ४,९९,८८०।- (अक्षरुपी चार लाख उनान्सय हजार आठ सय असी मात्र) विविध कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं. ४ उपर छलफल गर्दा गत वर्षको वर्षासँग आएको बाढीका कारण ताकम स्वास्थ्य चौकीको पुरानो भवनमा क्षति पुऱ्याएको र सो भवनको व्यवस्थापन नगर्दा नयाँ बनेका संरचनाहरुमा समेत क्षति पुग्ने देखिँदा तत्काल उक्त भवन भत्काउन लगाइएको र सो रकम हालसम्म भुक्तानी नभएकोले ताकम स्वास्थ्य चौकीको पुरानो भवन भत्काउने (व्यवस्थापन) गर्दा लागेको खर्च रु. ३,५०,०००।- (अक्षरुपी तिन लाख पचास हजार मात्र) प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी

दिने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा आ.व. २०६६/०६८ का लागि मा धवलागिरी गाउँपालिकाका लागि शिक्षण सहायता अनुदान बापत प्राप्त बजेट शून्य दरबन्दी भएका माध्यमिक विद्यालयहरूमा १।२ वटाको दरले नियुक्ति मितिदेखि लागू हुने गरी उपलब्ध गराउने, सो आ.वि. हरूमा नियुक्त शिक्षकहरूलाई माध्यमिक शैक्षिक अनुदानको रकम र कक्षा-८ को परीक्षा व्यवस्थापनको खर्च हुन नसकेको रकमबाट रकमान्तर गरी अनुदान रकम उपलब्ध गराउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ उपर छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृतबाट बैठकसमक्ष पेश गरिएको धवलागिरी गाउँपालिकाको आ. व. २०६६/०६६ को स्थानीय तहको स्वमूल्यांकन स्वीकृत गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

निर्णय नं. ७ धवलागिरी गा पा अन्तर्गत जग्गाहरू सम्बन्धमा मालपोत कार्यालय म्याग्दीबाट पारित हुने घर/जग्गाको न्यूनतम थैली अंक कायम गर्ने प्रयोजनका लागि आगामी आ.व. २०६८/०६९ का लागि तपसिलमा उल्लेख भए बमोजिम थैली अंक कायम गर्न सिफारिस गर्ने निर्णय सर्वसम्मत रूपमा पारित गरियो ।

१. धवलागिरी गा.पा. वडा नं. ३ (साबिक मुना गा. वि. स) ताकमको अन्तिम सिमानादेखि बड. खोला सम्मको मोटर बाटो दायाँ बायाँ घडेरी योग्य जग्गा प्रति रोपनी रु. २,५०,०००।-
२. धवलागिरी गा.पा. वडा नं. ६ (साबिक ताकम गा.वि.स.) धारापानी ताकम हुँदै साबिक ताकम गा.वि.स. को अन्तिम सिमाना सम्मको मोटरबाटो दायाँ बायाँको घडेरी योग्य जग्गा प्रतिरोपनी रु. ६,००,०००।-
३. धवलागिरी गा.पा. वडा नं. २ (साबिक लुलाङ गा.वि.स.) मुना महतला हुँदै साबिक लुलाङ गा.वि.स. वडा नं. १-६ को अन्तिम सिमानासम्मको मोटरबाटोको दायाँबायाँ घडेरीयोग्य जग्गा प्रतिरोपनी रु. २,००,०००।-
४. ध.गा.पा. वडा नं. ५ मल्कबाङ (साबिक मल्कबाङ गाविस) मुना, मुदी हुँदै रिखबाङ सम्मको मोटरबाटोको दायाँबायाँ घडेरीयोग्य जग्गा प्रतिरोपनी रु. २,००,०००।

५. छ गा.पा. वडा नं. ५ मल्लवाड (साबिक मल्लवाड गाविस) मराड हुँदै मल्लवाड पुग्ने मोटरबाटो दायाँबायाँ घडेरीयोग्य जग्गा प्रति रोपनी रु. २,००,०००/-

६ छ गा.पा. वडा नं. ६ मराड (साबिक मराड गा.वि.स) दरवाड हुँदै साबिक मराड गाविसको अन्तिम सिमानासम्मको मोटरबाटोको दायाँ बायाँको घडेरीयोग्य जग्गा प्रतिरोपनी रु. २,००,०००/-

| क्र.सं. | वडा नं. | साबिक गाविस | खेत तर्फ | | | | बारी तर्फ | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | अब्बल | दोयम | सिम | चहार | अब्बल | दोयम | सिम | चहार |
| १ | १ | साबिक गजुर्मी १-९ | ~~५५८२०~~ | ~~५०२००/-~~ | ~~४५०००~~ | ~~३८०००~~ | २८१५०/- | २४५२०/- | २२१००/- | १३६००/- |
| २ | २ | साबिक जाजाङ १-९ | | | | | ४००००/- | ३१८२०/- | [illegible] | १३६८०/- |
| ३ | ३ | साबिक मुग्रा १-९ | ५५८२०/- | ५०२००/- | ४५०००/- | ३८०००/- | ६०,०००/- | ५६२००/- | ४४१००/- | ४३,०००/- |
| ४ | ४ | साबिक मर्ध्या १-९ | ४८१२०/- | ४४२००/- | ४०१००/- | ३५०००/- | ५००००/- | ४५००० | ६१००० | ३८०००/- |
| ५ | ५ | साबिक मल्लवाड १-९ | ४८१२०/- | ४६२००/- | ४०१०० | ३५०००/- | ५००००/- | ६५०००/- | ६१००० | ३८०००/- |
| ६ | ६ | साबिक मराड १-९ | ४८१२०/- | ४४२००/- | ४०१००/- | ३५०००/- | ५००००/- | ४५०००/- | ६१०००/- | ३८०००/- |
| ७ | ७ | साबिक टाकुरा १-९ | ७०,०००/- | ६५,०००/- | ६०,०००/- | ४५,०००/- | ६५,०००/- | ५५,०००/- | | |

निर्णय नं. ८ प्रस्ताव नं. ८ ~~निर्णय नं.~~ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत आ.व. २०७७/०७८ मा संचालित तपशिलमा उल्लेखित आयोजनाहरु विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारी र जेठ महिनाबाट शुरु भएको अविरल वर्षाका कारण बाटो घाटो पूर्ण रुपमा अवरुद्ध भई तोकिएको समयमा सम्पन्न हुन सक्ने अवस्था नदेखिएकोले आयोजनाहरुको म्याद २०७८ साल माघ मसान्त सम्म थप गरिदिन तत् तत् सरकार समक्ष अनुरोध गर्ने र ति आयोजनाहरुको रनिङ बिलका आधारमा भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो

संघीय सरकार विशेष अनुदान

१. एक घर एक धारा धगाप २ लुलाङ

प्रदेश सरकार विशेष अनुदान

१. नमुना आवासीय भवन निर्माण रिवाङ

धवलागिरी गाउँपालिकाको लगानीमा निर्माणाधिन ताकम वडा कार्यालय भवन को सम्झौताको म्याद २०७८ साल माघ मसान्तसम्म थप गर्ने ।

धवलागिरी गाउँपालिका र जिल्ला समन्वय समितिको संयुक्त लगानीमा वडा नं. २ लुलाङ मा निर्माणाधिन वडा कार्यालय भवन निर्माण योजनाको सम्झौताको म्याद २०७७ साल मंसिर १८ गते समाप्त भइसकेको, जग्गा विवाद कोरोना भाइरस महामारीका कारण समयमा सम्पन्न हुन नसकेको, निर्माण व्यवसायीले म्याद थपका लागि २०७७ साल कार्तिक १२ गते कार्यालयमा निवेदन दर्ता गराएको, जग्गा विवादको समस्या समाधान भए लगत्तै सो लगत्तै कोरोना महामारी शुरु भएकोले आषाढ मसान्तमा पनि निर्माण कार्य सम्पन्न हुन सक्ने नदेखिएको थप आर्थिक नपर्ने गरी सो योजनाको ~~ठेक्क~~ खरिद सम्झौताको म्याद २०७७ साल मंसिर १८ गतेदेखि लागू हुने गरी २०७८ साल माघ मसान्त सम्म थप गर्ने र हाललाई प्राविधिक मूल्यांकनका आधारमा रनिङ बिल का आधारमा भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

(हस्ताक्षर)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय

निर्णय नं. ९ प्रस्ताव नं. ९ उपर छलफल गर्दा धवलागिरी गाउँपालिकाको गाउँसभाबाट कोभिड-१९ का कारण रोजगारी गुमाएका, वैदेशिक रोजगारीबाट फर्केएका साथै धवलागिरी गाउँपालिकाका युवाहरूले स्वरोजगारमूलक कार्य अगाडि बढाउनमा निजहरूलाई प्रोत्साहित गर्न अनुदान प्रदान गर्ने उद्देश्यका साथ युवा स्वरोजगार कोषमा रकम बजेट विनियोजन गरेको तर हालसम्म पनि कार्यविधि बनाउन नसकेको, कार्यविधि नबनेको भए तापनि यस गाउँपालिकामा स्वरोजगार मूलक उद्यम व्यवसाय संचालन गरेका तपसिलमा उल्लेख गरिएका युवाहरूबाट संचालित फर्महरूलाई अनुदान रकम दिने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

| क्र.सं. | व्यवसायीको नाम | अनुदान रकम |
|---|---|---|
| १. | अनिल भण्डारी | रु. १,००,०००।- |

निर्णय नं. १० प्रस्ताव नं. १० उपर छलफल गर्दा गाउँपालिका अन्तर्गतका सम्पूर्ण शिक्षक, विद्यालय कर्मचारी, ECD सहजकर्ता, स्वास्थ्य कर्मी, गाउँपालिका कर्मचारीहरूको पारिश्रमिक संघीय सरकारबाट तोकिएको न्यूनतम पारिश्रमिक मासिक रु. १५,०००।- (अक्षरूपी पन्ध्र हजार) पुर्याउने गरी गाउँसभाबाट आवश्यक बजेट समेत विनियोजन भइसकेकोले आगामी आ.व. २०७८/०७९ मा म्याद थप हुने माथि उल्लेखित सम्पूर्ण शिक्षक कर्मचारीहरूको मासिक पारिश्रमिक रु. १५,०००।- (अक्षरूपी रु. पन्ध्र हजार मात्र) बनाउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो।

निर्णय नं. ११ वर्षायाममा आउन हुन सक्ने बाढीका कारण बाटो अवरुद्ध हुन सक्ने र बाटो बिग्रन सक्ने कुरालाई मध्यनजर गर्दै बाटोको सुरक्षाका लागि पानी व्यवस्थापन र साना तिना खाल्टा खुल्टो पुर्ने प्रयोजनका लागि बाटो हेरालुको व्यवस्था गर्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै ध.गा.पा. ८ धारापानी स्थित गोपाल थापालाई ३ महिनाको लागि अदक्ष कामदारले पाउने दैनिक ज्यालादरमा बाटो हेरालुको रूपमा काम लगाउने निर्णय सर्वसम्मत रूपमा पारित गरियो,